# भू-उपयोग योजना

# २०८०



भगवतीमाई गाउँपालिका कार्यालय

बेस्तडा दैलेख

**विषयसूची**


खण्ड एक : आधार पत्र........ 3

१. पृष्ठभूमि........ 3

२. परिचय........ 3

३ भू उपयोग सम्वन्धी विकासको समीक्षा........ 4

४. भू-उपयोग योजना तर्जुमा प्रक्रिया........ 5

५. विद्यमान स्थिति........ 6

६. भूमि-कृषिको परिवेश........ 21

७. स्थिति विश्लेषण........ 22

खण्ड दुई : भू-उपयोग सोंचपत्र........ 24

१. दीर्घकालिन सोच........ 24

२. लक्ष्य........ 24

३. उद्देश्य........ 24

४. रणनीति र कार्यनीति........ 24

५. भू उपयोग योजनाको अपेक्षित उपलव्धी........ 25

७. अद्यावधिक भू-उपयोग क्षेत्र नक्सा........ 27

८. अद्यावधिक गरिएको कित्ता अनुसारको नक्सा........ 28

९ अद्यावधिक गरिएको माटोको क्षमता नक्शा........ 28

१०. वर्तमान भू-उपयोग नक्शा खप्टाईएको कित्ता नक्शा........ 29

११. पहिरो जोखिम नक्शा........ 29

१२. आगलागी जोखिम नक्शा........ 30

१.कार्ययोजना........ 31

२. कार्यान्वयन........ 36

३ संभावित जोखिमहरु........ 36

४. अनुगमन तथा मूल्याङ्कन........ 36

५ सन्दर्भ सामग्रीहरू........ 37

## खण्ड एक : आधार पत्र

### १. पृष्ठभूमि

नेपालको संविधानले किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने, जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व वढाउन भू उपयोग नीतिको अवलम्वन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने तथा भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने नीति लिएको छ ।

आन्तरिक बसाईसराई, अव्यवस्थित र बढदो शहरीकरण लगायतका कारणले कृषि योग्य जमिन, वन जंगल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक श्रोतहरुको अतिक्रमण हुन गई खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र दिगो विकासमा चुनौती देखा परेको र प्राकृतिक विपद र मानव सिर्जीत जोखिमको सुरक्षित र दिगो व्यवस्थापनलाई समेत  ध्यानुदिनु पर्ने आवश्यकता महसुस गर्दै योजना तर्जुमा गरिएको छ ।


संघ, प्रदेश र स्थानीय तहका सरकार संविधान कार्यान्वयनका लागि क्रियाशील छन् । तीनै तहका सरकारलाई संवैधानिक कार्यजिम्मेवारीका आधारमा समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार पार्न योजनावद्ध तरिकाले दीर्घकालीन सोचका आधारमा ईमान्दारिताका साथ अघि बढ्न जरुरी छ । यसै सन्दर्भमा भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्न समेत आवश्यक भएको हुंदा भूउपयोग ऐन, २०७६ को दफा ६ (१) मा प्रत्येक स्थानीय तहले दीर्घकालीन भूउपयोग योजना तयार गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था  अनुरुप भूमिको वर्गीकरणलाई सुव्यवस्थित तरिकाले लागू गर्न, भूमिको समुचित उपयोग गर्न र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम लाभ लिनका लागि आगामी पाँच वर्षको कार्ययोजना समेत तयार गरी यो योजना निर्माण गरिएको छ ।

### २. परिचय

दैलेख जिल्लाको सदरमुकाम देखि करिव २२ कि.मि. पूर्वमा पर्ने साविकका पगनाथ, रुम, मेहेलतोली, जगनाथ, कट्टी र बडाभैरव गाविसलाई समाहित गरी नेपाल सरकारले भगवतीमाई गाउँपालिकाको स्थापना गरेको हो । यस गाउँपालिकालाई ७ वटा वडामा विभाजन गरि वडा नं. ३ मेहेलतोली स्थित हिन्दुहरुको आस्थाकी देवी माई भगवतीको नामबाट भगवतीमाई गाउँपालिका नामाकरण गरिएको छ । विश्व मानचित्रमा २८° ४९’ ३३” उत्तरी अक्षांश र ८१° ४६’ ३९” पूर्वी देशान्तरमा फैलिएको यो गाउँपालिका समुन्द्री सतहबाट ८८५ मिटर देखि ३९०० मिटर उचाईमा अवस्थित छ । गाउँपालिकाको केन्द्रको रुपमा रहेको बेस्तडा बजार समुन्द्री सतहबाट १००० मिटरको उचाईमा कट्टी खोलाको किनारामा अवस्थित छ ।

कुल १५१.५२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको पूर्वमा जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिका तथा छेडागाड नगरपालिका, उत्तरमा नौमुले गाउँपालिका, पश्चिममा डुङ्गेश्वर गाउँपालिका तथा नारायण नगरपालिका र दक्षिणमा गुराँस गाउँपालिका, जाजरकोट जिल्लाको शिवालय गाउँपालिका र सुर्खेत जिल्लाको चिङ्गाड गाउँपालिका रहेका छन् ।

वि.स. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकाको घरधुरी संख्या ३५५० छ भने जनसंख्या १८२०६ रहेको छ । पुरुषको जनसंख्या ९०१७ छ भने महिलाको जनसंख्या ९१८९ रहेको छ । मुख्य पेशा कृषि रहेको यस गाउँपालिकामा मध्यम प्रकृतिको हावापानी हुनुको साथै प्राकृतिक स्रोत साधन, सामाजिक , धार्मिक तथा सांस्कृतिक  दृष्टिकोणले समेत सम्पन्न रहेको छ ।




भगवतीमाई गाउँपालिकाको **Location Map**

## ३ भू उपयोग सम्वन्धी विकासको समीक्षा

भू उपयोग सम्वन्धी योजना र छुट्टै दस्तावेज नभए तापनि परापूर्व काल देखि खानी भएका ठाउँमा गाउँ भए तापनि गाउँ सारी खानी संचालन गर्नु, खेत बन्या जग्गामा घर भए पनि घर अन्यत्र सारी कुलो काटी खेत बनाउनु तथा आफ्नो ठाउँको जिन्सी, जडिबुटी देश(अन्यत्र) लगी नगद राख्नु । यसरी परम्परा देखि कृषि तथा आम्दानी हुने खालका काम गर्नुपर्छ भन्ने भनाईलाई आधार मानि भू उपयोग गरिएको पाइन्छ । यसलाई व्यवस्थित गर्ने क्रममा जग्गा नाप जांच ऐन बमोजिम भूमिलाई अव्वल,दोयम,सीम,चहार गरी चार भागमा वर्गीकरण गरिएको । भूमि सम्वन्धी ऐन,२०२१ ले जग्गाको वर्गीकरण गर्दा माटोको

प्रकृति,उर्वरा शक्ति,देशको भौगोलिक स्थिति,वातावरण तथा जलवायु समेतलाई आधार लिने भनी उल्लेख गरेको । जग्गा नाप जांच नियमावली २०५८ आए पश्चात भूमिलाई कृषि र वसोवास तथा व्यवसायीक भनेको भने ततपश्चात राष्ट्रिय भू उपयोग नीति २०६९ ले भूमिलाई कृषि,आवासीय,व्यवसाय,औद्योगिक,वन,सार्वजनिक उपयोग र अन्य भनी वर्गीकरण गरी थप व्यवस्थित बनाएता पनि यसलाई पनि थप संशोधन गर्दै राष्ट्रिय भू उपयोग नीति २०७२ ले भूमिलाई विभिन्न १० प्रकारमा वर्गीकरण गरी सो अनुसार उपयोग गर्नुपर्ने विषयलाई जोड दिएको ।

उल्लेखित कुराहरुलाई आधार मानि पालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रमहरुमा भूमिलाई व्यवस्थित गर्ने कुराहरु उल्लेख गरी आ.व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा व्यवसायिक क्षेत्र, आवासीय क्षेत्र, कृषि क्षेत्र र अन्य क्षेत्र भनी भूमिको वर्गीकरण गरी उपयोग गरिरहेको सन्दर्भमा हाल विभिन्न दश वटा क्षेत्रमा विस्तृत रुपमा भूमिको वर्गीकरण गरी योजनावद्ध तरिकाले अगाडि बढने सोच अनुरुप भगवतीमाई गाउँपालिकाको भूमिको योजनाा २०८० तयार पारिएको छ ।

## ४. भू-उपयोग योजना तर्जुमा प्रक्रिया

भगवतीमाई गाउँपालिकाको यो पहिलो भू-उपयोग योजना हो । भू-उपयोग योजना तर्जुमा गर्नको लागि विद्यमान अवस्था र गन्तव्य पहिचान गर्ने आधारभूत सूचनाहरू सङ्कलन गरिएको छ । भू-उपयोग योजना तर्जुमाको लागि आवश्यक भूस्वामित्व, भूमिको विद्यमान उपयोग, उत्पादन स्थिति र आवश्यकता, धार्मिक, साँस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको संरक्षण र उपयोग, सुरक्षित एवं व्यवस्थित वस्ती र पूर्वाधार विकास आदि विषयहरू समेटिएका छन् ।

भू-उपयोग योजनामा भूमिलाई १० क्षेत्रमा वर्गीकरण गरि भू-उपयोग ऐन, २०७६ मा व्यवस्था छ । साथै नियमावली २०७९ ले पनि यही व्यवस्थालाई विस्तृतीकरण गरेको छ । जसअर्न्तगत **कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्यौगिक क्षेत्र, वन क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, नदी, ताल, तथा सीमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, खानी तथा खनिज क्षेत्र र अन्य ।** यस गाउँपालिकाको भूमिको वर्गीकरण यस अघि नै केन्द्रीय नापी विभागले गरिसकेको छ । जसलाई हालको विद्यमान अवस्थालाई हेरेर अद्यावधिक गर्ने काम यो योजनाले गर्नेछ ।

भू-उपयोग योजना तर्जुमाको लागि सुरुमा गाउँपालिकाको कार्यपालिका टिमलाई भू-उपयोग योजनाको महत्व, उद्देश्यको बारेमा अभिमुखीकरण गराइएको थियो । पालिकाका अगुवा जेष्ठ नागरिकहरूसँग र वडाहरूको स्थलगत अवलोकन, केही छलफल र अन्तर्क्रियाहरु गरिएको छ । सूचनाहरूलाई तथ्यपरक बनाउने अधिकतम् प्रयास गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण (प्रोफाइल), २०७४ को अध्ययन, विश्लेषणबाट आवश्यक तथ्याङ्क छनोट गरि सूचनाहरू समावेश गरिएको छ ।

## ५. विद्यमान स्थिति


### क.जनसङ्ख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल १८,२०६ जनसङ्ख्या रहेका छन । जसमा पुरुष ९०१७ र महिला ९,१८९ छन । यस्तै ३५५० घरधुरी छ भने पुरुष साक्षरता ८२.७ प्रतिशत र महिला साक्षरता ६९.१ प्रतिशत रहेको छ भने परिवारको औसत आकार ५.१३ रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ को तुलनामा २०७८ मा घरधुरी संख्या १९१ ले बढेको देखिन्छ भने जनसङ्ख्या ५७२ ले कमी आएको देखिन्छ । यसरी हेर्दा यस पालिकामा घरधुरी संख्या बढेता पनि जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ ।

यस गाउँपालिकाको जातजातिसम्बन्धी पार्श्वचित्रअनुसार पहाडी ब्राह्मण, छेत्री, दलित र जनजातीहरुको बसोबास रहेको देखिन्छ ।

*तालिका १ : वडागत जनसङ्ख्या*




### ख भगवतीमाई गाउँपालिकाको कार्यालय देखि विभिन्न वडा कार्यालयको दूरी

| सि.न. | देखि | सम्म | दुरी(कि.मि.) |
|---|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय | वडा नं. १ पगनाथ | ७ |
| २ | गाउँपालिकाको कार्यालय | वडा नं. २ पगनाथ | ६ |
| ३ | गाउँपालिकाको कार्यालय | वडा नं. ३ पगनाथ | १२ |
| ४ | गाउँपालिकाको कार्यालय | वडा नं. ४ पगनाथ | ५ |
| ५ | गाउँपालिकाको कार्यालय | वडा नं. ५ पगनाथ | ४ |
| ६ | गाउँपालिकाको कार्यालय | वडा नं. ६ पगनाथ | ४ |
| ७ | गाउँपालिकाको कार्यालय | वडा नं. ७ पगनाथ | १८ |

## ग भू-उपयोग सम्बन्धी विवरण :

भगवतीमाई गाउँपालिका पूर्णरुपमा मध्ये महाभारत पर्वत क्षेत्रमा पर्ने हुँदा यहाँको सम्पूर्ण धरातलमा पर्वतीय विशेषता झल्केको पाइन्छ । भू-धरातलीय (Landscape) आधारमा यस गाउँपालिकालाई ३ भागमा विभाजन गर्न सकिन्छ, ।

अ) बेसी क्षेत्र :

भगवतीमाई गाउँपालिकाको खोला किनारमा पर्ने केही क्षेत्रहरु यस अन्तर्गत पर्दछन् । यस गाउँपालिकाका प्रमुख खोला किनार क्षेत्रहरु कृषि उत्पादनका लागि राम्रो मानिन्छन् । गाउँपालिकामा रुम, कट्टी , गोठी र पगनाथ खोला संगै अन्य सहायक खोला पर्दछन् ।

आ) मध्ये पहाडी लेक क्षेत्र :

समुद्र सतहबाट २००० मिटरसम्मको पहाडी भू-भाग यस अन्तर्गत पर्दछ । गाउँपालिकाको दुई तिहाई भाग भन्दा बढी यस क्षेत्र अन्तर्गत पर्दछ । अन्न वालीहरुमा विशेषगरी धान, मकै, गहुँ, जौं, कोदो तथा तेलहन, दलहन आदिको उत्पादन हुने भएतापनि यो क्षेत्र विशेष गरी अमिलो जातका फलफूलहरु जस्तै सुन्तला, मौसम, अमिलो तथा कागतीको लागि प्रसिद्ध मानिन्छ ।

इ) भिरालो लेक क्षेत्र :

समुन्द्री सतहबाट २००० मिटर भन्दा माथिको क्षेत्र यस क्षेत्रमा पर्दछ । यस क्षेत्रमा अन्नवाली विशेष गरी धान, मकै, जौ, कोदो, भटमास, मास आदि उत्पादन हुन्छ ।

## घ धरातलीय स्वरुप

यस भगवतीमाई गाउँपालिकाको क्षेत्रफल १५१.५२ (वर्ग कि.मि.) रहेको छ । कूल भू-भागमध्ये ८० प्रतिशत भू-भाग भिरालो रहेको छ । धेरै डाँडाकाँडा र खण्डहरु प्रकृतिको धरातलीय स्वरुप भएका कारण यहाँका जनजीवन धेरै कठिन देखिन्छ । तथापि, धरातलीय स्वरुपका कारणले जमिनको उपयोगमा कतिपय लाभ प्राप्त भएको पाइन्छ ।

**ङ जमिनको उपयोगिताको अवस्था**

| वर्ग | जमिनको उपयोगिता |
|---|---|
| पहिलो वर्ग | १० डिग्री भन्दा कम भिरालो गहिरो माटो,कृषि तथा वनका लागि उचित । |
| दोस्रो वर्ग | १० देखि १५ डिग्री भिरालो गहिरो र राम्रो निकास भएको माटो । गह्रा बनाइ कृषिको लागि उचित । |
| तेस्रो वर्ग | १५ देखि ३० डिग्री भिरालो गहिरो र राम्रो निकास भएको माटो । कृषिका लागि गह्रा बनाउनुपर्ने । |
| चौथो वर्ग | ३० डिग्री भन्दा वढी भिरालो ,गहिरो माटो बनाउनका लागि उचित । |
| पांचौ वर्ग | धेरैजसो बाढीले ढाक्ने खोला किनाराका गह्रा । खोलानालाहरुले ओगटेको क्षेत्र । |

**च माटोको वनावट र उर्वरा शक्ति :**

नेपालको कृषिमा आश्रित जनसंख्या घटदै गई हाल लगभग ५० प्रतिशत जनसंख्या मात्र कृषि पेशामा आश्रित भएको पाइएको छ । यसै अनुरुप यस पालिकामा समेत कृषिमा आश्रित जनसंख्या घटेता पनि ग्रामीण अर्थतन्त्र कृषि मै निर्भर छ । माटो र कृषि पेशा भनेका एक आपसमा अन्तर सम्वन्धित भएता पनि यहाँ माटोको बारेमा कुनै ठोस तथा सुक्ष्म रुपमा अध्ययन अनुसन्धान भएको छैन् । गाउँपालिका भित्र लिइएको नमूना परीक्षणका आधारमा यस पालिकाको माटोलाई पांगो,बलौटे पत्थरिलो र हिमाली माटोमा वर्गीकरण गरिएको छ ।

**छ जलवायु**

समुन्द्र सतहबाट ८८५(हुलाक टाकुरा) मिटर देखि ३९०० (पुग्याको थाइ लेख) मिटर भएको भगवतीमाई गाउँपालिकाको हावापानीमा विभिन्न रुप पाइन्छन् । पहाडी तथा उच्च भागहरुमा तापक्रम हिउंदमा सरदर ५ सेन्टिमिटर रहन्छ । खोच तथा टारहरुमा हिउंदमा २५ डिग्री सरदर तााप्क्रम रहन्छ । त्यस्तै ग्रिस्मको अवस्था हेर्दा  पहाडी भागमा १०० से. तथा उच्च भागहरुमा १५० से. र खोंच तथा टारहरुमा ३०० से. सरदर तापक्रम रहन्छ । यस गाउँपालिकाका केहि उच्च भू-भागमा हिमपात समेत हुने गर्दछ ।

**ज वन क्षेत्रको विवरण :**

वन क्षेत्रको विवरण :भगवतीमाई गाउँपालिकामा जम्मा २५६५.४७ हेक्टर बन क्षेत्रले ओगटेको छ । यस गाउँपालिकामा रहेका वनमा मुख्य रुपमा खोटेसल्लाको बाहुल्यता रहेको छ । त्यसैगरी माथिल्लो भेगमा काउला, बाजँ रैच  र फलाट रेहका छन् भने तल्लो भागमा साल, साज,  अमला, हर्रो बर्रो आदि  प्रजाती रहेका छन् । पालिकाका केहि स्थानमा उत्तिस,, गुराँस, बाँस, आदि  पाईन्छन् । यहाँको जँगलमा  बँदेल, स्याल, बाघ, गुना, बाँदर, मृग, व्वासो, दुम्सि, खरायो, मलछाप्रो, पाईनुको साथै पन्छीहरुमा कालिज, च्याखुरा, ढुकुर, हलेसो, चिल, गिद्ध, लाटोकसेरो, तित्रा, कोईली आदि  प्रमुख छन् । जडिबुटीहरुमा रिट्ठा, अमला, बोझो, काउलो, अल्लो आदि विभिन्न किसिमका झ्याउ, लोक्ता, कुरिलो आदि  प्रमुख रुपमा रहेको छ । यस गाउँपालिकामा २३ वटा सामुदायिक वन, र २ वटा कबुलीयति वन रहेका छन् ।

### झ. विद्यमान भूमिको वस्तुस्थिति


नापी विभागले आ.व. २०७७/०७८ मा तयार गरेको प्रतिवेदन अनुसार भगवतीमाई गाउँपालिकाको कूल जमिन १५१३८.४२ हेक्टर रहेको छ । नापी विभागले गाउँपालिकाको विद्यमान भूमिलाई विभिन्न क्षेत्रमा वर्गीकरण गरि प्रतिवेदन तयार गरेको छ । प्रतिवेदन अनुसार सबैभन्दा बढी ५७.९१% जमिन वन क्षेत्रले ओगटेको छ । यस्तै, कृषि क्षेत्रले ४०.४२% जमिन ओगटेको छ । भू-उपयोग ऐन, २०७६ मा व्यवस्था भएअनुसार गाउँपालिका छेत्रीभत्रको भूमिको वर्गीकरण र क्षेत्रफल निम्न तालिकाले स्पष्ट पार्दछ ।

*तालिका २ : भू-उपयोग क्षेत्रअनुसारको क्षेत्रफल विवरण*

| क.सं. | भू-उपयोग क्षेत्र वर्गीकरण | कूल क्षेत्रफल हेक्टर | प्रतिशत |
|---|---|---|---|
| १. | वन उपयोग क्षेत्र | ८७६४.९६ | ५७.९१ |
| २. | कृषि उपयोग क्षेत्र | ६१२०.८१ | ४०.४२ |
| ३. | आवासीय उपयोग क्षेत्र | ३७.५ | ०.२५ |
| ४ | व्यावसायिक उपयोग क्षेत्र | ०.०५ | ०.०००३ |
| ५. | औद्योगिक उपयोग क्षेत्र | ० | ०.०० |
| ६. | सार्वजनिक उपयोग क्षेत्र | ५९.२५ | ०.३९१ |
| ७. | खनिज तथा खानी उपयोग क्षेत्र | ० | ० |
| ८. | धार्मिक तथा पुरातात्विक उपयोग क्षेत्र | ०.१२ | ०.००१ |
| ९ | नदी, ताल तथा सीमसार उपयोग क्षेत्र | १२१.५३ | ०.८ |
| १०. | अन्य उपयोग क्षेत्र | ३४.४४ | ०.२३ |
| | जम्मा | १५१३८.७ | |

*स्रोत : नापी विभाग, २०७७*

*वर्तमान भू उपयोगको नक्सा*



**(अ) कृषि क्षेत्र**

"कृषि क्षेत्र" भन्नाले कृषि वाली उत्पादन, पशु-पन्छी पालन, फार्म हाउस, मत्स्य पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

१. वर्तमान अवस्था

नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस गाउँपालिकाको कूल कृषि क्षेत्रले ओगटेको कूल भूमि ६०७०.९ हेक्टर रहेको छ । मकै, कोदो,गहुं तथा दलहन वाली यस क्षेत्रमा हुने गर्दछ । यस पालिकामा सबैभन्दा धेरै मकै उत्पादन हुने गरेको छ । वार्षिक रुपमा दुई पटक वाली लगाउँने यस क्षेत्रमा मकै र गहुं धेरै हुने गरेको छ । यस पालिकामा ७२ प्रतिशत जमिनमा मध्यम स्तरको उत्पादन हुने गरेको छ । सबै वडाहरुमा उच्च देखि मध्यम र न्यून उत्पादन हुने भूमि छ । स्थानीय सरकारको पहलमा विस्तारै फलफुल तथा तरकारी खेती तर्फ समेत कृषकहरुको आकर्षण बढेको देखिन्छ । पालिका स्तरबाट कृषि तथा पशु पालनको पकेट क्षेत्र घोषणा गरी क्रियाकलापहरु समेत संचालन भएका छन् ।

२. समस्या तथा चुनौतीहरु

अधिकांश कृषकहरुमा व्यवसायिक कृषि र पशुपालन सम्वन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्वन्धी ज्ञान,सीप र प्रविधिको प्रयोगमा कमी हुनु समस्याको रुपमा रहेको छ भने वाली संरक्षण र भण्डारण तथा उत्पादकत्व वढाउन मलखाद र विषादीको समुचित प्रयोग गरी कृषिलाई व्यवसायीकरण,आधुनिकीकरण गरी युवा वर्गलाई कृषि पेशामा आकर्षित गर्नु चुनौती छ ।

३ अवसर

कृषि क्षेत्र संघीय,प्रदेश र स्थानीय सरकारको समेत प्राथमिकतामा परेको पालिकामा कृषि तथा पशु शाखाको छुट्टाछुट्टै विशिष्टिकृत जनशक्ति भई विभिन्न क्रियाकलाप संचालन हुनु, संघीय स्तरमा दीर्घकालीन कृषि विकास रणनीति बनी स्थानीय स्तर देखि नै कृषिलाई प्राथमिकता दिनु र युवा वर्गमा समेत आधुनिक कृषि तथा पशु पालनप्रति रुची जाग्दै जानुलाई अवसरको रुपमा हेर्न सकिन्छ । यसका साथै पालिकामा अधिकांश कृषि क्षेत्र मध्यमस्तरको उत्पादन हुने क्षेत्र भएकाले यसबाट अधिकतम उत्पादन लिई लाभ लिन सक्ने अवस्था एकातिर छ भने अर्कोतिर अव कृषि भूमिको खण्डिकरण हुने सम्भावना समेत छैन । पकेट क्षेत्रका रुपमा घोषणा गरिएका स्थानलाई थप सवल गराउने अवसर समेत हामी माँझ छ ।

४ अपेक्षित उपलब्धी

भू-उपयोग योजनाको कार्यान्वयबाट आगामी दिनमा कृषि क्षेत्रका रुपमा छुट्टयाइएको भूमिको खण्डीकरण नहुनुका साथै कृषि पेशा थप सम्मानित पेशाको रुपमा भई आयआर्जनको एक भरपर्दो माध्यमको रुपमा हुनेछ ।

**(आ) आवासीय क्षेत्रको अवस्था**

"आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग

गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ।

१. वर्तमान अवस्था

जम्मा आवासीय क्षेत्रको ०.२५ प्रतिशत क्षेत्र आवासीय क्षेत्रले ओगटेको छ । यस पालिकाको वेस्तडा बजारमा अव्यवस्थित रुपमा बाक्लो बस्ती रहेता पनि अन्य सबै ठाउँहरुमा छरिएर रहेको बस्ती छ । पालिकाको ७ वटै वडाहरुमा मानव बस्ती रहेको छ । जनसंख्या वृद्धिदर नभएको वर्तमान अवस्थामा आवासीय क्षेत्रको लागि प्रशस्त ठाउँ समेत रहेको देखिन्छ ।

२. समस्या तथा चुनौतीहरु

पहाडी भू-भागको कारणले छरिएर रहेको वस्तीले गर्दा सम्पूर्ण आवासीय क्षेत्रमा सेवा सुविधा पुर्‍याउन कठीनाई भएको छ भने व्यवस्थित रुपमा वस्ती विकास गरी छरिएर रहेको वस्तीलाई एकीकृत गराउनु भने चुनौती नै छ ।

३ अवसर

पालिकास्तरको सम्पूर्ण भूमिलाई स्पष्ट संग आवासीय क्षेत्रको रुपमा वर्गीकरण गरिएको हुँदा आगामी दिनमा व्यवस्थित वस्ती विकास हुने देखिन्छ । आवासीय क्षेत्रलाई थप व्यवस्थापन गर्न बाटो भन्दा १० मिटर पछाडि देखि १०० मिटर सम्म मात्र आवासीय क्षेत्रको रुपमा वर्गीकरण गरि भएको हुँदा समेत व्यवस्थित वस्ती विकासको अवसर रहेको । पालिकामा रहेको जनसंख्या र यहाँको भू-वनोट हेर्दा स्मार्ट सिटिको रुपमा विकास गर्न सकिने अवसर समेत छ ।

४ अपेक्षित उपलव्धी

तोकिएको आवासीय क्षेत्रमा सुव्यवस्थित तरिकाले वस्ती विकास हुनुका साथै भूमिहिन दलित, सुकुम्वासीहरुको आवास उपलव्ध भई संविधानको आवासको हकको व्यवहारिक कार्यान्वयन हुनेछ ।

**(इ) व्यवसायिक क्षेत्रको अवस्था**

"व्यवसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यवसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

१. वर्तमान अवस्था

नापी विभागले तयार गरेको प्रतिवेदअनुसार यस गाउँपालिकाको कूल व्यवसायिक क्षेत्रले ओगटेको कूल भूमि ०.०५ (०.०००३%) हेक्टर रहेको छ यसमध्ये थोक तथा खुद्रा व्यापार,होटेल लगायतले ३१.२० प्रतिशत ओगटेको छ ।

२. समस्या तथा चुनौतीहरु

पालिकाको अधिकांश स्थानमा छरिएर रहेको बस्ती, कम जनसंख्या र भएका यूवा जनशक्ति समेत कामको खोजीमा स्वदेश तथा विदेशमा जानुले स्थानीय आर्थिक क्रियाकलापको कमी भई व्यावसायिक क्रियाकलाप कमी हुनु समस्याको रुपमा रहेको छ भने व्यवसायिक क्षेत्रका रुपमा सबै वडामा छुट्ट्याइएका भू-भागमा व्यवसायिक क्रियाकलप संचालन गर्नु भने चुनौती छ ।

३ अवसर

पर्याप्त खाली स्थान भएकाले पर्यटकीय स्थानको विस्तार गर्न सकिने, मनोरञ्जन क्षेत्र,पार्क लगायत गाउँमा उत्पादन भएका वस्तुहरुलाई विक्री गर्नका लागि स्थानीय हाट बजार, मेला लगाउँन सकिने अवसरका साथै कृषि उद्योगको स्थापना तथा खानी उद्योगको संचालन गरी व्यावसायीक लाभ लिने अवसर छ । यसका साथै व्यवासायिक क्षेत्र छुट्ट्याइएकाले पनि उल्लेखित स्थानहरुमा व्यवसायिक क्रियाकलपाहरु विस्तार गर्न सकिने अवसर प्राप्त भएको छ ।

४ अपेक्षित उपलव्धी

पालिकामा स्थानीय हाट बजारको संचालन हुनुका साथै कुनै एक कृषि उद्योगको स्थापना भएको हुनेछ ।

**(ई) वन क्षेत्र उपयोगको अवस्था**

“वन क्षेत्र” भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

१. वर्तमान अवस्था

प्रकृतिको वरदानको रुपमा यस पालिकामा वन क्षेत्र रहेको छ । सबैभन्दा धेरै ८७६४.९६ हेक्टर अर्थात ५७.९१ प्रतिशत वन क्षेत्र रहेको छ । यहाँको वनमा साल र खोटे सल्लाले ९१ प्रतिशत क्षेत्र ओगटेको छ भने बाँकीमा खयर, उत्तीस, जामुन एवम् अन्य मिश्रित प्रकारका रुखहरु पाइन्छन् । कडा खालको रुखहरु ५४४२.८९ हेक्टरमा छन भने ३०८३.१६ मा मिश्रित प्रकारका रुखहरु र बाँकी २३८.९१ हेक्टरमा अन्य प्रजातिका रुखहरु रहेका छन् । यस पालिकाका गुँरास प्रजातिले भने जम्मा वन क्षेत्रको ५.३६ प्रतिशत क्षेत्रफल ओगटेको छ । यस क्षेत्रमा २६ वटा सामुदायिक वन क्षेत्र रहेका छन् । जम्मा वन क्षेत्र मध्ये समुदायले ६२.५१ प्रतिशत ओगटेको छ भने ३७.४० प्रतिशत क्षेत्र सरकारी वनले ओगटेको छ ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि नभई नहुने घाँस-दाउरा-काठ, जडीबुटी, अन्य गैरकाष्ठ वन पैदावार र वातावरणीय सेवा जस्ता अत्यावश्यक सेवाहरू वन क्षेत्रबाट

उपलब्ध हुँदै आएको छ । वन क्षेत्रले कृषि, उद्योग, जलस्रोत, वातावरण र जैविक विविधता संरक्षणका लागि महत्त्वपूर्ण आधार प्रदान समेत गरेको छ ।

२ समस्या र चुनौती

काष्ठ तथा गैरकाष्ठ वन पैदावारको अवैध संकलन तथा चोरी निकासी, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरण, अनियन्त्रित ढुंगा-गिट्टि-वालुवा संकलन तथा निकासी, वन क्षेत्रका मुख्य समस्याका रूपमा रहेका छन् । विभिन्न विकास तथा पूर्वाधार निर्माणमा वन क्षेत्र नै प्रयोग गरी हुने वन क्षेत्रको भूउपयोग परिवर्तन कम गरी संरक्षण र विकासको बीचमा तालमेल गर्न नसक्नु, वनमा आधारित लघु उद्यमको अपेक्षा अनुसारको सफलता हासिल हुन नसक्नु वन क्षेत्रका थप समस्याका रूपमा रहेका छन् ।

वन क्षेत्रलाई उत्पादनमूलक क्षेत्र बनाई आर्थिक उन्नतिको बलियो आधार बनाउनु, वन अतिक्रमण नियन्त्रण, वन संरक्षण र व्यवस्थापनका लागि साझा प्रतिबद्धता प्राप्त गर्नु, वनहरूको दिगो व्यवस्थापन गरी उपादकत्वमा वृद्धि गर्नु, वन क्षेत्र संरक्षण र व्यवस्थापनका लागि आवश्यक पर्ने भौतिक संरचना तथा पूर्वाधारहरूको पर्याप्त व्यवस्था गर्नु, नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुरूप स्थानीय स्तरमा आन्तरिकीकरण र कार्यान्वयन गर्नु, वनको व्यावसायिक उपयोग गरी आय र रोजगारी वृद्धि गर्नु र वन पैदावारको माग अनुरूप आपूर्तिको व्यवस्थापन गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन् ।

३ अवसर

अधिकांश वन सामुदायिक वन भएकाले वनबाट उत्पादन र उत्पादकत्व बढाउन सकिनुका साथै गुँरासको जुस गराएर बेच्न सकिने, खोटे सल्लाको व्यवसाय गर्न सकिने र वैज्ञानिक वन व्यवस्थापन मार्फत सामुदायिक वनहरुमा कृषि तथा पशुपालन गरी आय आर्जनका क्रियाकलाप संचालन गर्न सकिने ।

४ अपेक्षित उपलव्धी

वन व्यवस्थापन मार्फत् विपन्न वर्गका महिला, दलित, जनजाति लगायत पछाडि परेका समुदायहरुलाई आयआर्जनको अवसर उपलब्ध भएको हुनेछ भने कम्तिमा कुनै एक सामुदायिक वनमा सम्भाव्यताको आधारमा कृषि, पशु पालन तथा जडिबुटी खेती भएको हुनेछ ।

*(उ) धार्मिक तथा पुरातात्विक क्षेत्रको अवस्था*

“सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र” भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

१. वर्तमान अवस्था

नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस गाउँपालिकाको धार्मिक तथा पुरातात्विक क्षेत्रले ओगटेको कूल भूमि ०.१२ हेक्टर (०.००१%) रहेको छ । यस गाउँपालिका भित्र वडा नं. १ मा १० वटा, वडा नं. २ मा ९ वटा, वडा नं. ३ मा १८ वटा, वडा नं. ४ वटा १० वटा, वडा नं. ५ मा ८ वटा, वडा

नं ६ मा ८ वटा र वडा नं. ७ मा १६ वटा धार्मिक तथा सांस्कृतिक स्थल रहेको पाइएको छ भने पुरातात्विक क्षेत्र भने छैनन् ।

२. समस्या तथा चुनौतीहरु

धार्मिक तथा सांस्कृतिक स्थलहरुलाई संरक्षण तथा संवर्द्धन गर्नका लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधनको अभाव समस्याको रुपमा रहेको छ भने यी क्षेत्रहरुलाई धार्मिक पर्यटनको रुपमा विकास गर्नु भने चुनौतीको रुपमा देखिएको छ ।

३ अवसर

धार्मिक तथा सांस्कृतिक विविधता मार्फत सामाजिक एक्यवद्धता कायम गर्न सकिने अवसरका साथै उपलव्ध धार्मिक स्थलहरुलाई आन्तरिक तथा वाह्य रुपमा धार्मिक पर्यटनको रुपमा विकास गर्न सकिने ।

४ अपेक्षित उपलव्धी

पाँच वर्ष भित्र कुनै एक धार्मिक क्षेत्र धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास भएको हुनेछ ।

**(ऊ) सार्वजनिक उपयोगको क्षेत्रको अवस्था**

"सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कूवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

१. वर्तमान अवस्था

कूल भू-भागको ५९.२५ प्रतिशत क्षेत्र ओगटेको सार्वजनिक क्षेत्रमा अधिकांश क्षेत्र (५४.७० प्रतिशत) सार्वजनिक बाटोले ओगटेको छ भने शिक्षाले ४.१, स्वास्थ्यले ०.२४,खुला क्षेत्र ०.०५, सुरक्षा सेवाले ०.०६ प्रतिशत ओगटेको छ ।

२. समस्या तथा चुनौतीहरु

हाल भइरहेका सार्वजनिक क्षेत्रको दीर्घकालीन तरिकाले संरक्षण र सम्वर्द्धनका लागि पर्याप्त साधन स्रोतको अभाव समस्याको रुपमा देखिएको छ भने सार्वजनिक उपयोगको क्षेत्रलाई प्रतिफलमूलक तथा समुचित ढंगले उपयोग गर्नु नै चुनौती छ ।

३ अवसर

भगवतीमाई गाउँपालिकाको जनघनत्व १२० मात्र रहेको हुँदा प्रशस्त खुला ठाउँ भएकाले सार्वजनिक उपयोगको क्षेत्र यथोचित मात्रामा हुनु नै हाम्रो पालिकाको लागि एक अवसर हो ।
४ अपेक्षित उपलब्धी
सार्वजनिक उपयोगको क्षेत्रको अधिकतम र प्रतिफलदायी तरिकाले उपयोग भएको हुनेछ ।

### *(ए) नदी, ताल तथा सीमसार क्षेत्रको अवस्था*

नदी,खोला तथा सो को जलप्रवाहको क्षेत्र, किनारा, डिल र बगर क्षेत्र समेत,नहर तथा सो को डिल,प्राकृतिक ताल,पोखरी तथा सो को डिल,साविकको नदी वा खोला बगेको र हाल नदी खोला उकास भई बगर वा ढुङ्गयान कायम भएको क्षेत्र र बग्ने पानी नभए पनि पानी बग्ने सम्भावना भएको रामसार वा सीमसार क्षेत्र ।
१. वर्तमान अवस्था
नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार यस गाउँपालिकाको कूल नदी, ताल तथा सीमसार क्षेत्रले ओगटेको कूल भूमि १२१.५३ हेक्टर (०.८%) रहेको छ । प्रमुख खोलाको रुपमा कट्टी खोला र अन्य खोलाहरुमा पगनाथ, कुम्री, कोटिला, रुम, तुर्सु, धारा, भेरे, मलुका, गोठी, जोलुङ्गे, बालुवा, आड, राजी, बडा, अधेरी, वैतडी, लोहोरे खोला र वडा नं. ७ मा पोखरा ताल तथा वडा नं. ३ मा तिर्पानी झर्ना रहेका छन् । यी नदी खोलाहरुले स्थानीय कृषि तथा पशुपालनको क्षेत्रमा उल्लेखनीय रुपमा काम गरी स्थानीय आर्थिक क्रियाकलाप संचालनमा मद्धत गरेका छन् ।

२. समस्या तथा चुनौतीहरु

अधिकांश खहरे खोला भएकाले खोला बढेका बेला आउने बाढीले क्षति पुर्‍याउनु समस्याका रुपमा रहेको छ भने सबै खोलाहरुको उचित व्यवस्थापन गर्नु भने चुनौतीको रुपमा रहेको छ ।

३ अवसर

उपलब्ध नदीबाट सिंचाई सुविधा विस्तार गर्नुका साथै कृषि तथा पशुपालन व्यवसायलाई विस्तार गर्ने अवसर समेत छ । यसका साथै खोलाहरुमा ड्याम बाँधी प्राकृतिक तालको रुपमा विकास गरी पर्यावरणीय सन्तुलनका साथै पर्यटन व्यवसाय विस्तार गर्ने अवसर समेत छ ।
४ अपेक्षित उपलब्धी

खहरे खोलाले पुर्‍याउने क्षति न्यूनीकरण हुनुका साथै कुनै एक उपयुक्त खोलामा ड्याम बाँधी पोखरी निर्माण भएको हुनेछ ।

### *(ऐ) खानी तथा खनिज क्षेत्र*

"खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

१. वर्तमान अवस्था
नापी विभागले तयार पारेको प्रतिवेदन अनुसार यस गाउँपालिकामा खानी तथा खनिज क्षेत्र रहेको देखिँदैन । यद्यपी फिल्डमा वडाका पदाधिकारीहरु संगको छलफलको क्रममा वडा नं.३ बाहेक सबै वडामा स्लेट

(ढुंगा) खानी र वडा नं.६ मा तामाखानी भएको कुराको जानकारी प्राप्त हुन आउनुका साथै केही वडाहरुमा काइनेटिक पत्थर समेत रहेको ।

२. समस्या तथा चुनौतीहरु

भएको स्लेट खानीको उत्खनन नहुनु समस्याको रुपमा रहेको छ भने खानीको उत्खनन गरी बजारीकरण गर्नु र तामाखानी भनिएको ठाउँमा वास्तविकता के हो भनि अनुसन्धान गर्नु समेत चुनौतीपूर्ण कार्य रहेको छ ।

३ अवसर

उपलव्ध स्लेटलाई बजारीकरण गरी पालिकाको आन्तरिक राजस्व अभिवृद्धि गर्नुका साथै खानी उत्खननका माध्यमबाट रोजगारी वृद्धि गर्ने अवसर समेत उपलव्ध छ ।

४ अपेक्षित उपलव्धी

स्लेट खानीका माध्यमबाट आन्तरिक राजस्वमा अभिवृद्धि हुनेछ र तामाखानी उत्खननमा प्रदेश तथा संघसंग समन्वय कायम भएको हुनेछ ।

***(ओ) औद्योगिक क्षेत्रको अवस्था***

“औद्योगिक क्षेत्र” भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

१. वर्तमान अवस्था

यस पालिकामा मझौला तथा ठूला उद्योगहरु छैनन् भने साना तथा घरेलु उद्योगहरु केही मात्रामा रहेका छन् । लघु रुपमा कृषि, खाद्य, निर्माण तथा मर्मत केन्द्रहरु भने संचालनमा रहेका छन् । औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना भएका क्षेत्रहरुमा वडा नं. १ मा बगौरा दक्षिण डांडा, वडा नं. २ मा भुवाल्न रानीचौर डांडा, वडा नं. ३ मा कुटेनाउला र बाटुलेचौर, वडा नं. ४ मा मनघर चौर दोबाटा र मेली, वडा नं. ५ मा राउटे डाडां, वडा नं. ६ मा कुरिलकोट र पुराना पानी र वडा नं. ७ मा गोरु बान्ने र खोर खाली डांडा क्षेत्रमा औद्योगिक क्षेत्र गराउने सम्भावना पहिचान भएको छ ।

२. समस्या तथा चुनौतीहरु

औद्योगिक ग्राम निर्माण र संचालन गर्नका लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्नु वर्तमानमा समस्याका का साथै वित्तीय, भौतिक र मानवीय स्रोत साधनको अभाव नै वर्तमानमा समस्याको रुपमा देखिएको छ भने औद्योगिक ग्रामको विवाद रहित तरिकाले स्थापना गर्नु, स्थापना पश्चात व्यवस्थित तरिकाले संचालन गर्नु भने चुनौती छ ।

३ अवसर

संघीय सरकारले "एक पालिका एक औद्योगिक ग्राम" निर्माणका लागि नीतिगत व्यवस्था गरी वित्तीय स्रोतको समेत सुनिश्चित गरी औद्योगिक ग्रामको अवधारणा अघि सारेको छ भने पालिकामा समेत सात वटै वडामा औद्योगिक ग्रामका लागि उपयुक्त स्थान पहिचान गरी औद्योगिक क्षेत्र भनेर भूमिको वर्गीकरण समेत गरिएको छ ।

४ अपेक्षित उपलव्धी

आगामी ३ वर्ष भित्र कम्तिमा एउटा औद्योगिक ग्राम स्थापना भई कार्य संचालन भएको हुनेछ ।

**(औ) अन्य उपयोगको क्षेत्र**

माथि उल्लेखित रुपमा वर्गीकरणमा नपरेको विशिष्ट किसिमको भू-उपयोगको क्षेत्र नै अन्य उपयोगको क्षेत्र हो । यसमा स्थानीय आवश्यकता अनुसार छुट्टयाउनु पर्ने अन्य कुनै भू-उपयोगको क्षेत्र पर्दछ ।

१. वर्तमान अवस्था

नापी विभागले तयार गरेको प्रतिवेदन अनुसार अन्य उपयोगको क्षेत्र ३४.४४ हेक्टर रहेको छ । यसमा गाईवस्तु चराउनका लागि चरिचरन क्षेत्रको रुपमा छुट्टाइएको छ ।

२. समस्या तथा चुनौतीहरु

चरिचरन क्षेत्रमा गाईवस्तुलाई पर्याप्त मात्रामा घाँस पुर्‍याउनु नै समस्याको रुपमा रहेको छ भने यसलाई दीर्घकालीन रुपमा चरिचरन क्षेत्रकै रुपमा प्रयोग गरिरहनु चुनौतीको रुपमा रहेको छ ।

३ अवसर

चरिचरन क्षेत्रको रुपमा भूमीलाई छुट्टाइएकाले गाई वस्तु पालन गर्ने कृषकलाई थप अवसरको सृजना गर्नुका साथै उक्त क्षेत्रलाई समुदाय मिली चरिचन क्षेत्रलाई थप व्यवस्थापन गर्ने अवसर समेत छ ।

४ अपेक्षित उपलव्धी

चरिचरन क्षेत्र सुव्यस्थित तरिकाले संचालनमा आई दीगो रुपमा यसको प्रयोग भइरहनेछ ।

## ग. कृषि उत्पादन र खाद्यान्नको स्थिति

- खाद्य सुरक्षाका दृष्टिकोणले विश्लेषण गर्दा यस भगवतीमाई गाउँपालिकामा आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने र केही बेच्न पनि पुग्ने परिवार सङ्ख्या जम्मा २२ (०.६५ प्रतिशत) रहेका छन् ।
- खाद्य सुरक्षाको दृष्टिकोणबाट हेर्दा ३ महिना खान पुग्ने परिवार सङ्ख्या १२७६ (३७.९४ प्रतिशत) रहेका छन् ।
- ४ देखि ६ महिना खान पुग्ने परिवार सङ्ख्या १६३२ (४८.५३ प्रतिशत) रहेका छन् ।
- ७ देखि ९ महिना खान पुग्ने परिवार सङ्ख्या २९० (८.६२ प्रतिशत) रहेका छन् ।
- १० देखि १२ महिना खान पुग्ने परिवार १४३ (४.२५ प्रतिशत) रहेका छन् ।

- यस गाउँपालिकाको ७ वटै वडामा उच्च, मध्यमदेखि न्यून उत्पादन हुने भूमि रहेको छ । बेँसी क्षेत्रका भूमिहरू समथर र भिरालो खालको रहेको छ ।
- अन्नबाली, दलहन, तेलहन, तरकारी तथा  फलफूल खेती यस गाउँपालिकामा मुख्य उत्पादनहरु हुन् ।
- यस क्षेत्रमा अन्नबालीमा  धान, मकै, कोदो,गहुं  दलहनमा मास, वोडी, सिमी, मसुरो । तेलहनमा तोरी, सूर्यमुखी । तरकारी बालीमा आलु, प्याज, काउली, भण्टा, वन्दा, गोलभेडा, रामतोरिया, साग , अदुवा, वेसार,लसुन,खुर्सानी एवम फलफुलमा केरा,आंप,सुन्तला,नास्पती उत्पादन हुन्छ  ।
- पशुपालनको क्षेत्रमा भने गाई, गोरु, भैँसी, रांगा, बोका,खसी, बाख्रा पालन गरिन्छ । सुंगुर वंगुर भने वडा नं. २ मा मात्र  एकदमै न्यून मात्रामा (१६ गोटा) पालन गरिएको पाइएको छ । पशुपंक्षीमा कुखुरा धेरै पालन गरिएको छ भने १४९ घर परिवारले मौरीपालन पनि गरेका छन् ।

## घ. प्राकृतिक विपद्

- यस गाउँपालिकामा रहेका विभिन्न गाउँहरुमा प्राकृतिक प्रकोपबाट बेलाबेला क्षति पुग्ने गरेको छ । मुख्यत: बाढी ,पहिरो र हावाहुरीले नै क्षति गराएको पाइएको छ । आ.व. २०७४/७५ मा सबैभन्दा बढी पहिरोबाट ६ करोड ६० लाख बराबरको क्षति भएको थियो भने त्यसपछि हावाहुरी बाट ७१ लाख बराबरको विभिन्न वडाहरुमा क्षति भएको थियो । यस अवस्थालाई हेर्दा विपद व्यवस्थापन कार्ययोजना अनुरुप काम गरेमा क्षतिको न्यूनीकरण गर्न सकिने देखिन्छ ।
- विभिन्न वडामा जथाभावी खनिएका सडकका कारण बढी जोखिममा रहेको छ । खहरे खोला बढी जोखिम क्षेत्र अथवा संरक्षण गर्नुपर्ने क्षेत्र हुन् ।

## ङ. भूस्वामित्वको अवस्था तथा समस्या

- यस गाउँपालिकाको १ देखि ७ वडाहरूका १६५ घरधुरी  भूमिहिन तथा अव्यवस्थित बसोबासी रहेको पाइएको छ ।
- भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७७ र राष्ट्रिय भूमि आयोग २०७८ मा पेश गरेको निवेदन अनुसार गाउँपालिकामा भूमिहीन दलित र भूमिहिन सुकुम्वासी परिवारहरु १२ र १५३ अव्यवस्थित बसोबासी परिवारहरुले निवेदन पेश गरेका छन् ।
- भूमिहिन दलित र भूमिहिन सुकुम्वासीको वडा नं. ४,५ र ७ मा १-१ जना वडा नं. २ मा २ जना, वडा नं ६ मा ३ जना र वडा नं. १ मा ४ वटा परिवारको र वडा नं. ३ मा कत्ति पनि निवेदन प्राप्त भएको छैन  । यसैगरी अव्यवस्थित बसोबासी भने वडा नं. १ मा २६, वडा नं. २ मा १२, वडा नं. ३ मा ६३, वडा नं. ४ मा २५, वडा नं ५ मा २, वडा नं ६ मा १६ र वडा नं ७ मा १५ परिवारको निवेदन प्राप्त भएको छ ।

## च आर्थिक विकास तथा पूर्वाधार निर्माण

अ.उद्योग कच्चा पदार्थ र खानी ।

- यस पालिकामा मझौला तथा ठूला उद्योगहरु छैनन् भने साना तथा घरेलु उद्योगहरु केही मात्रामा रहेका छन् । लघु रुपमा कृषि, खाद्य, निर्माण तथा मर्मत केन्द्रहरु भने संचालनमा रहेका छन् ।
- पूर्वाधार निर्माणको आधार मानिएको सडक सञ्जालले सबै वडाहरु छोएको छ तर सबै वडाहरुमा बाहै् महिना यातायातका साधन संचालन हुने गरी स्तरोन्नती गर्ने काम भने बाँकी छ ।
- खानीको रुपमा ३ नम्बर वडा बाहेक सबै वडाहरुमा ढुंगा खानी रहेको छ भने वडा नं. ६ मा तामाखानी पनि रहेको र केही वडाहरुमा काइनेटिक पनि रहेको छ ।
- पालिकामा उपलव्ध कच्चा पदार्थको प्रयोग गरेर उद्योगकै रुपमा संचालन नभए तापनि लघु रुपमा कृषि तथा पशु व्यवसाय गरेको पाइएको छ ।
- खानीको सम्भावना देखिएको हुँदा प्रदेश तथा संघीय तहसंग समन्वय र सहकार्य गरी खानीको उत्खनन तथा विकासमा अगाडि बढ्दो रोजगारीको सृजना हुनुका साथै खानी तथा उद्योगको विकास हुने थियो ।

**आ वन जंगल**

यस गाउँपालिकामा ५७.९१ हेक्टर वन क्षेत्रले ढाकेको छ भने यस क्षेत्रमा रहेका रुखहरुमध्ये अधिकांश खोटो निस्कन सक्ने सल्लाका रुखहरु भएका भू-भागमा  यसको वैज्ञानिक व्यवस्थापनबाट पालिकाको आम्दानीमा वृद्धि गर्न सकिने सम्भावना छ । यसका साथै सामुदायिक वनमा जडिबुटी खेती तथा फलफूल खेती र जंगलको सुरक्षा गर्दै कालिज पालन तथा अन्य व्यवसाय गर्दा आर्थिक लाभ हुने प्रशस्त सम्भावना छ ।


## च. पेशा व्यवसाय र आम्दानी

यस गाउँपालिकामा १० वर्ष भन्दा माथिका जनसंख्या आर्थिक रुपमा ६५.०१ प्रतिशत मानिसहरु सक्रिय छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार विगतको तुलनामा आर्थिक रुपले सक्रिय जनसंख्या बढेको पाइएको छ ।


**१० वर्ष र सो भन्दा माथिका आर्थिक रुपमा सक्रिय रहेका व्यक्तिहरुको आर्थिक क्रियाकलापमा सक्रियताको अवस्था अनुसारको जनसंख्या ।**



## १० वर्ष र सो भन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या




## १० वर्ष र सो भन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको औद्योगिक क्षेत्र अनुसारको जनसंख्या



- भगवतीमाई गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार २५ हजार भन्दा वढी मासिक आम्दानी गर्ने परिवारको संख्या २३३ रहेको छ भने १५ देखि २५ हजार सम्म मासिक आम्दानी गर्ने परिवारको संख्या भने ३५७ रहेको छ । यस पालिकामा वार्षिक रेमिट्यान्स १ करोड ५१ लाख ४६ हजार रुपैंया प्राप्त भएको देखिन्छ । यसैगरी रु. १००० भन्दा माथि बचत गर्ने परिवार संख्या १८२ रहेको छ भने कत्ति पनि बचत नगर्ने परिवार संख्या ७६६ रहेको छ ।  यस बाट आगामी दिनमा पालिकाले सबै वडाहरुमा स्थानीय बैंकसंगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम गर्नुका साथै महिला तथा बालबालिका शाखा तथा कृषि र पशु शाखा मार्फत समेत बचत गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्नुका साथै सहकारी अभियानलाई समेत थप जोड दिनुपर्ने देखिन्छ ।

## छ पूर्वाधार

- यस पालिकाका अधिकांश घरहरु (८७.२ %) ढुंगा(स्लेट) ले छाएका छन् ।
- गाउँपालिकाको भवन र वडा कार्यालय भवनहरु पक्की संरचनामा निर्माण गरि प्रशासनिक कार्यहरु सुचारु गरिएको छ ।
- यस गाउँपालिकाको सबै वडाहरुमा सामुदायिक विद्युतीकरण तथा राष्ट्रिय प्रशारण लाइनको विद्युत विस्तार गरिएको छ तर केही ठाउँमा विधुत वितरण हुन बाँकी रहेकाले त्यहाँका घरपरिवारले सोलार, टुकी र अन्य साधनबाट लाभ लिएका छन् ।
- यस गाउँपालिकामा १ ओटा प्रभु बैंक रहेको छ  भने २८  ओटा सहकारी संस्था रहेका छन ।
- यस गाउँपालिकामा एम्बुलेन्स सुविधा सहितको प्राथमिक स्वास्थ्य संस्था रहेको छ ।
- यस गाउँपालिकामा आधारभूत विद्यालय तह २७, माध्यमिक विद्यालय ८, निजी विद्यालय १, बालविकास केन्द्र २४ ओटा गरी ६० वटा शैक्षिक संस्थाहरु रहेका छन् ।
- सडक सञ्जालले यस पालिकाको सबै वडाहरूलाई छोएको छ । बाह्रै महिना सडक सञ्चालन हुने केही सडक बाटाहरू रहेका छन् ।
- गाउँपालिकाको क्षेत्रभित्र मानिसहरूलाई आवात-जावतको लागि यातायात पहुँच सहज छैन ।
- विकासको पुर्वाधार मध्येको सडक बाटाहरू धेरै खोलिएका छन् अब यसको स्तरोन्नति हुन आवश्यकता रहेको छ ।

## ६. भूमि-कृषिको परिवेश

मानिसका लागि भूमि अर्थात धर्तीको ठूलो महत्व छ । हरेक मानिसहरूले आफ्नो जीवन धान्नको लागि कृषि उपज नै खाने हो । अन्न र मानव जीवनको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यसैले अनाज (अन्न) उत्पादनको मुख्य कार्य कृषि र यसको आधार भूमि नै हो । यसैले भूमिको उचित संरक्षण आजको टड्कारो आवश्यकता हो ।

मानिसहरूले जति पनि आर्थिक क्रियाकलापहरू गर्दछन् ती सबै गरि आधार भनेको भूमि नै हो । कृषि र मानिसको सम्बन्ध मानव आदिकाल देखि नै जोडिँदै आएको छ । जव मानिसहरूले बाँच्नको लागि सङ्घर्ष

गर्न थाले त्यसदेखि यता उनीहरूले कृषि उत्पदानसँग विशेष साइनो राख्दै आए । त्यसैले भूमि-कृषिको सवाल भूमिहीन र किसानहरूको मात्र नभई आम नागरिकको चासोको विषय हो ।

यस गाउँपालिकामा कृषियोग्य भूमि अत्यन्त कम छ । कृषकहरू पहिले स्थानीय बीउ प्रयोग गरि खेती गर्दथे । आजकल स्थानीय बीउले कम उत्पादन दिन थालेपछि आयातित बीउ किनेर पाइने भएकाले उक्त बीउले खेतीपातीमा कब्जा जमाएको छ । पहिले पहिले हुने स्थानीय उत्पादनहरू अहिले क्रमशः लोप हुँदै गएको छ । किसानले अझ बढी धान तथा तरकारी फलाउने नाममा हाइब्रिड बीउ, विषादी र मलहरूको प्रयोग गर्न थालेका छन् ।

गाउँ घरमा स्थानीय जातको बीउबिजन समेत राख्ने चलन हराउँदै गएको छ । किसानहरू भन्छन् हाइब्रिड बीउबाट फलाइएको खेती धेरै फलेको देखिएता पनि भूमिको उत्पादकत्वमा ह्रास आएको पाइन्छ ।

कुनै एक किसानले स्थानीय बीउ रोपे भने पनि नजिकै अर्कोले हाईब्रिड रोपिदियो भने त्यसले स्थानीय बीउमार्फत गरिएको खेतीमा विभिन्न थरीका रोगहरू लाग्छ, उत्पादन कम हुन्छ । यहाँ रहेको अधिकांश भूमिमा खेतीपाती भएको छ ।

मानिसहरूले मुख्य गरि धान, मकै, गहुँ र कोदो खेती गर्छन् । आजकल युरिया मल र विषादीहरुको प्रयोग खेतीपातीमा धेरै हुन थालेको छ ।

यस गाउँपालिकामा बसोबास गर्ने अधिकांश परिवारले आफ्नै भूमिको उत्पादन खाने गरेका छन् । यहाँका अधिकांश मानिसहरु आफ्नो जीविकोपार्जन सहज बनाउनको लागि भारतलगायत वैदेशिक रोजगारीमा गएका छन् । भूमिहीन र कम जमिन भएकाहरू आफ्नो उत्पादनले खान नपुग्नेहरू कृषि मजदूरी र ज्यालादारी गर्छन् ।

## ७. स्थिति विश्लेषण

- यहाँ रहेको घना जङ्गल फँडानी गरि बसोबास सुरुवात गरेको भू-भागमा मानिसहरूको बसोबासकाल देखि नै कृषि खेतीपातीको सुरुवात गरेको र त्यसैबाट नै जीविकोपार्जन गर्दै आएको पाइन्छ र अहिले पनि अधिकांश मानिसहरू कृषि खेतीपाती नै गर्छन् ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कूल १८,२०६ जनसङ्ख्या रहेको छ । जसमा पुरुष ९०१७ र महिला ९,१८९ रहेका छन । यस्तै ३५५० घरधुरी छ भने पुरुष साक्षरता ८२.७ प्रतिशत र महिला साक्षरता ६९.१ प्रतिशत रहेको छ भने परिवारको औसत आकार ५.१३ रहेको छ ।
- राष्ट्रिय जनगणना २०६८ को तुलनामा २०७८ मा घरधुरी संख्या १९१ ले बढेको देखिन्छ भने जनसङ्ख्या ५७२ ले कमी आएको देखिन्छ । यसरी हेर्दा यस पालिकामा घरधुरी संख्या बढेता पनि जनसङ्ख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ ।

- भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७७ र राष्ट्रिय भूमि आयोग २०७८ मा पेश भए अनुसारका भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान भएमा मौलिक हकको कार्यान्वयन हुनुका साथै व्यवस्थित बसोबासका हुने थियो ।
- गाउँपालिकामा ठूला उद्योगधन्दाहरू नभए पनि केही साना तथा मझौला उद्योगहरू रहेका छन । यसकारण यो गाउँपालिकाको मुख्य आर्थिक मेरुदण्ड भनेकै कृषि र पशुपालन रहेको छ ।
- केही महिला साथै अधिकांश पुरुषहरू बैदेशिक रोजगारीका लागि विभिन्न देश तथा छिमेकी देश भारतको विभिन्न राज्यमा रोजगारीको लागि जाने गरेका छन् । जसबाट हुने आम्दानीले जीविकोपार्जन टार्छन् ।
- यस पालिकाको अधिकांश भूगोल कृषि उत्पादनको हिसावले उपयोगी र भिरालो खालको छ । पर्याप्त सिँचाइको सुविधा छैन । यदि सिँचाइको उचित व्यवस्थापन गर्न सकेको खण्डमा उत्पादन बढ्ने देखिन्छ ।
- सार्वजनिक जग्गाको संरक्षण समयमै गरि भविष्यमा पूर्वाधार विकासमा भूमिमा हुने मागको व्यवस्थापन गर्न सहजता हुने देखिन्छ ।
- केही महिला साथै अधिकांश पुरुषहरू वैदेशिक रोजगारीका लागि विभिन्न देश तथा छिमेकी देश भारतको विभिन्न राज्यमा मौसमी रोजगारीको लागि जाने गरेका छन् । जसबाट हुने आम्दानीले जीविकोपार्जन टार्छन् ।
- वनक्षेत्र काठ दाउरा एवं पशुपालनका लागि मात्र आवश्यक नभई वातावरण एवं जैविक विविधताको संरक्षण गर्न र प्राकृतिक सन्तुलन कायम गरि बाढी पहिरो जस्ता विपद्हरूको सामना गर्न पनि आवश्यक छ । पालिकामा ठूला तथा साना खहरे खोलाहरूबाट भूक्षय र जमिन कटान गरेको देखिन्छ ।
- वडाका विभिन्न स्थानमा सार्वजनिक क्षेत्रका उपयोगविहीन खाली जमिनहरू रहेका छन्, यसलाई पालिकाले उपयोग गरि आम्दानी वृद्धि गर्न तर्फ लाग्नु पर्छ ।
- विभिन्न वडाहरूमा पर्यटकीय स्थानहरू रहेका छन्, यिनको विकास र प्रवर्धन गरेमा मनग्य आम्दानी हुने देखिन्छ ।
- सार्वजनिक जग्गाको संरक्षण समयमै गरि भविष्यमा पूर्वाधार विकासमा भूमिमा हुने मागको व्यवस्थापन गर्न सहजता हुने देखिन्छ ।
- पालिकाले हालसम्म जारी गरेका २४ वटा ऐन, ९ वटा नियमावली, ४२ वटा कार्यविधि, निर्देशिका तथा मापदण्ड, स्वास्थ्य तथा सरसफाई नीति, राजस्व सुधार योजना,२०७७, आवधिक योजना (२०७६/७७ -२०८०/८१), यातायात गुरुयोजना, क्षमता विकास योजना लगायत प्रस्तावित भूमि वर्गीकरण मापदण्ड र भू उपयोग योजनालाई व्यवहारमा कार्यान्वयनमा ल्याएमा "व्यवसायिक कृषि, पशुपालन र पूर्वाधार,समृद्ध भगवतीमाई गाउँपालिकाको आधार" भन्ने नाराले सफलता प्राप्त गर्नेछ ।

# खण्ड दुई : भू-उपयोग सोचपत्र

## १. दीर्घकालिन सोच

भगवतीमाई गाउँपालिकाले "व्यवसायिक, पशुपालन र पूर्वाधार, समृद्ध भगवतीमाई गाउँपालिकाको आधार" भन्ने नारा गराई आफ्ना सम्पूर्ण योजना, नीति तथा कार्यक्रमहरु तय गरेको सर्न्दभमा यस भू उपयोग योजनाको समेत उल्लेखित नारामा सहयोग पुर्‍याउनका लागि निम्नानुसार दीर्घकालीन सोच लिएको छ :

" भूमिको उपयोग,व्यवस्थापन र लाभ, समृद्धिको आधार "

## २. लक्ष्य

भूमि व्यवस्थालाई पालिकाको समृद्धिको आधार बनाउने ।

## ३. उद्देश्य

- भूमिको समुचित उपयोग मार्फत अधिकतम लाभ लिनु ।
- गाउँपालिका भित्रको भूमि र भूमि स्रोतको पहिचान, अभिलेख र अद्यावधिक गर्नु ।
- जग्गाको वर्गीकरण अनुरुप भू-उपयोग कार्यान्वयन गर्नु ।
- भूमि व्यवस्थालाई आधुनिक, प्रविधियुक्त, सरल र पारदर्शी बनाउनु ।

## ४. रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| भू-उपयोग मापदण्ड बमोजिम भूमिको उपयोगको सुनिश्चित गरी उत्पादन वृद्धि गरिनेछ । | १. भू-उपयोग मापदण्ड बमोजिम आवश्यक नक्सा डाटा तयार गर्ने ।<br>२ . भू-उपयोग योजनाको कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने ।<br>३. जग्गा बाँझो नराख्न उत्प्रेरित गर्ने ।<br>४ जोखिमयुक्त क्षेत्रमा रहेका, अव्यवस्थित र छरिएर रहेका बस्तीको एकीकृत वस्ती विकासका लागि आवश्यकता अनुसारका कार्यक्रमहरु अवलम्बन गर्ने ।<br>५. कृषियोग्य जग्गा कृषि प्रयोजनमा प्रोत्साहन र अन्य प्रयोजनमा निषेध गर्ने । |


| | |
|---|---|
| भूमिहिन दलित, कृषक,सुकुम्वासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासी लगायत सीमान्तकृत वर्गको भूमि माथिको अधिकार र पहुंच सुनिश्चित गरिनेछ । | १. भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थित बसोबास र जीविकोपार्जनको कार्यक्रम संचालन गर्ने ।<br>२. भूमि माथि महिलाको अधिकार र नियन्त्रणको अवस्थालाई सुधार गर्ने ।<br>३ भूमिहिन दलितलाई आवास प्रयोजनका लागि एक पटक जग्गा उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्ने ।<br>४ ठूलो परिमाणमा कृषि उत्पादन गर्न भूमि बैंकको अवधारणा अनुरुप सहकारी संस्था समेत परिचालन गरी कार्यान्वयन गर्ने । |
| भूमिको समुचित उपयोग गरिनेछ । | १. समुचित उपयोगका लागि भूमिको वर्गीकरण गर्ने ।<br>२ कम प्रयोग भएको वा दोहन भएको जमिनको अभिलेख राखी उच्चत्तम प्रयोगमा ल्याउने ।<br>३ विकास निर्माणमा पूर्वाधारको लागि उपयुक्त जमिन पहिचान, संरक्षण र दिगो उपयोग गर्ने ।<br>४. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने ।<br>५. जोखिम क्षेत्रको पहिचान र संरक्षण गर्ने ।<br>६. मानव सिर्जित जोखिम निरुत्साहन र जलवायुमैत्री क्रियाकलापलाई प्रोत्साहित गर्ने । |
| आधुनिक प्रविधिमा आधारित भूमि सम्वन्धी अभिलेखहरुको व्यवस्थित भण्डारण गरी जग्गा प्रशासन सेवा सरल,सहज,विश्वसनीय बनाउने | १ भूमिको वर्गीकरण गरिय अनुरुप नक्सा तथा कित्ताहरुलाई डिजिटाइलेजशन गरी राख्ने ।<br>२ जग्गाको कित्ता काटको सिफारिस दिंदा नापी तथा मालमोत कार्यालय संग समन्वय गरी फरक नपर्ने गरी सेवा प्रवाह प्रभावकारी बनाउने ।<br>३ नागरिकलाई सहज तथा सरल ढंगले सेवा प्रवाह गर्न भू-सेवा केन्द्रको कार्यसंचालन गर्नका लागि मालपोत कार्यालयसंग आवश्यक समन्वय गर्ने । |

## ५. भू- उपयोग योजनाको अपेक्षित उपलव्धी

- ✓ यस गाउँपालिका कृषिमा आत्मनिर्भर हुनेछ ।
- ✓ बसाई सराईको दर कम हुनेछ ।
- ✓ बाँझो रहेको र खेर गएको जमिनहरूको पनि उपयोग हुनेछ ।
- ✓ पालिकाबासी खाद्यान्नमा आत्मनिर्भर भएको हुनेछन् ।
- ✓ कृषि, पशुपालन, स्वरोजगारी व्यवसायहरू सञ्चालन र औद्योगिक बिकास गरि पालिकाबासीको आर्थिक अवस्था सुधार हुनेछ ।


- ✓ भूमिसम्बन्धी कुनै पनि खालका समस्याहरू बाँकी रहने छैनन् ।
- ✓ भूमिको खण्डीकरण नभई चक्लाबन्दी हुनेछ ।
- ✓ पालिकामा निवेदन पेश गरेका भूमिहीनको जग्गा दर्ता भई लालपुर्जा पाइसक्ने छन् ।
- ✓ अव्यवस्थित बसोबासीको समस्या समाधान हुनेछ र सबै परिवारसँग कानुनी स्वामित्व (लालपुर्जा) हुनेछ ।
- ✓ भू-उपयोग ऐन २०७६ र नियमावली २०७९ अनुसार भू-उपयोग योजना तयार भई भूमिको वर्गीकरणलाई कार्यान्वयन गरि भूमिको उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेछ ।
- ✓ भूमिको दिगो उपयोग हुनेछ । महिला र पुरुषको बराबरी स्वामित्वमा भू-स्वामित्वहरू दर्ता हुनेछन् ।
- ✓ महिला किसान पनि सम्पत्तिको मालिक हुनेछन् ।
- ✓ कृषि खेतीपातीको लागि आधुनिक प्रविधियुक्त सिँचाइ र खानेपानीको लागि वैकल्पिक व्यवस्थापन भएको हुनेछ ।
- ✓ पालिका क्षेत्रभित्रको वस्तीहरू व्यवस्थित र एकीकृत प्रकारका हुनेछन् ।
- ✓ खाली जमिनहरूको संरक्षण हुनेछन्, खेती गर्न मिल्ने जमिनमा कृषि उत्पादन बढ्नेछ ।
- ✓ कृषियोग्य जग्गा किसानको अधीनमा हुनेछ भने खेती नगर्नेहरूले आफ्नो खेती पालिकाको भूमि बैंकमा राख्नेछन् ।
- ✓ मानवीय संस्थालाई ध्यान दिई खाद्य उत्पादनहरु अर्गानिक हुनेछन् ।
- ✓ सबै मानिसहरू रोजगारीमा सहभागी भएका हुनेछन् ।
- ✓ मानिसहरू स्वरोजगार तर्फ अझ बढी सहभागी हुनेछन् ।
- ✓ आवादी क्षेत्रहरू बढ्नेछन् । विकास र पूर्वाधाहरूको पर्याप्त विकास र व्यवस्थापन भएको हुनेछ ।
- ✓ शिक्षा र स्वास्थ्य सर्वशुलभ हुनेछ,
- ✓ गाउँघरमा पुगेका सबै सडकहरू पक्की र कालेपत्रे भएका हुनेछ ।
- ✓ मानिसहरूको आम्दानीको विविधीकरण हुनेछ ।
- ✓ कृषि पेसामा निर्भर मानिसहरू क्रमशः वैकल्पिक पेसामा पनि लाग्नेछन् र व्यवसायिक हुनेछन् ।
- ✓ आवादी क्षेत्रहरू बढ्नेछन् ।
- ✓ विकास र पूर्वाधाहरूको पर्याप्त विकास र व्यवस्थापन भएको हुनेछ ।

## ६. वर्तमान भू-उपयोग नक्सा





*स्रोत : नापी विभाग, २०७७*

## ७. अद्यावधिक भू-उपयोग क्षेत्र नक्सा





*स्रोत : नापी विभाग, २०७७*

## ८. अद्यावधिक गरिएको कित्ता अनुसारको नक्सा





*स्रोत : नापी विभाग, २०७७*

## ९ अद्यावधिक गरिएको माटोको क्षमता नक्शा





*स्रोत : नापी विभाग, २०७७*

## १०. वर्तमान भू-उपयोग नक्शा खप्टाईएको कित्ता नक्शा





*स्रोत : नापी विभाग, २०७७*

## ११. पहिरो जोखिम नक्शा




*स्रोत : नापी विभाग, २०७७*

## १२. आगलागी जोखिम नक्शा




*स्रोत : नापी विभाग, २०७७*

खण्ड तीन : भू-उपयोग योजना

## १.कार्ययोजना

भगवतीमाई गाउँपालिकाको उल्लेखित दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि अवलम्वन गरिने कार्यनीतिहरू निम्नानुसार छन -

***तालिका ३ : कार्ययोजना***

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवार निकाय | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
| **भुमि अभिलेख आवधिक र संरक्षण** | पालिका तहको औपचारिक जग्गाको अभिलेख अद्यावधिक तयार गर्ने | पालिका | | | | | |
| | पालिका तहको औपचारिक र अनौपचारिक जग्गाको अभिलेख आवधिक गर्ने | पालिका | | | | | |
| | प्राकृतिक स्रोत जस्तै : पानीको मुहान, खनिज क्षेत्र, नदी, ताल, पोखरी र धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विवरण अद्यावधिक गर्ने | पालिका | | | | | |
| **नाप नक्सा** | नापी छुट भएका जग्गाहरूको नापी गर्ने | वडा अनुसार | | | | | |
| | सरकारी तथा सार्वजनिक जमीनको भोग चलनमा रहेको जग्गाको नापी गर्ने र नेपाल सरकार कायम गरी सम्बन्धित संस्थाको नाममा नापी गरी श्रेस्ता कायम गर्ने | पालिका | | | | | |
| **सरकारी वा सार्वजनिक लगत कट्टा** | नदी एवं खोलाहरूको वहाव क्षेत्र तथा क्षेत्राधिकार रेखाङ्कन गरी सार्वजनिक दर्ता गर्ने | पालिका | | | | | |
| | नाप नक्सा नियन्त्रण विन्दुको क्षेत्र तथा क्षेत्राधिकार भित्र पर्ने जमिनको लगत कट्टा गर्ने | पालिका | | | | | |
| | मन्दिर, चर्च तथा सार्वजनिक भवनहरू रहेको जग्गाको नापी गरी लगत कट्टा गर्ने | पालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **भूमिको वर्गीकरण र कार्यान्वयन** | भू-उपयोग क्षेत्र नक्सा अद्यावधिक गरी भूमिको वर्गीकरण गर्ने | पालिका | | | | | |
| | वर्गीकरण लागू भएको सूचना जारी गर्ने | पालिका | | | | | |
| | वर्गीकरण अभिलेख अद्यावधिक गर्न मालपोत तथा नापी कार्यालयमा पठाउने । | पालिका | | | | | |
| | खेतीयोग्य जग्गा बाँझो राख्नेलाई जरिवाना गर्ने । | पालिका | | | | | |
| | भू-उपयोग योजना वर्गीकरणमा परेको भन्दा फरक ढंगले उपयोग गर्नेलाई कार्वाही गर्ने । | पालिका | | | | | |
| **भूमि स्रोत संरक्षण** | पालिकाभित्रका भूमि स्रोतहरू, नदी, खोला, पोखरी, मुहानहरू, वन क्षेत्रले ओगटेको जमिन नाप जाँच गराई संरक्षण र सदूपयोग गर्ने । | पालिका | | | | | |
| | पालिकामा रहेका खहरे एवं ठाडा खोलाका दुवै किनारको रेखाङ्कन गर्ने र सार्वजनिक दर्ता गर्ने | पालिका | | | | | |
| | खोला किनारमा भूक्षय नियन्त्रणको लागि तटबन्ध गर्ने | पालिका | | | | | |
| | खोला, नदी तटवन्ध गरिएका तथा सडक किनारमा वृक्षरोपण गर्ने | पालिका | | | | | |
| | विभिन्न खोलाहरुले क्षति गरेको कृषियोग्य जमिनको एकिन विवरण लिने र त्यो क्षेत्रको संरक्षण गर्ने । त्यस्तो ठाउँमा थप बस्ती बस्न नदिने | पालिका | | | | | |
| **भूमिहीन मुक्त कार्यक्रम** | लगत सङ्कलन भएका पालिकाभित्र बसोबास गर्दै आएका भूमिहीनको विवरण अद्यावधिक गर्ने । | पालिका | | | | | |
| | पलिकाको १ देखी ७ वटै वडामा ऐलानी प्रति जग्गामा बसोबास गर्ने भूमिहीन सुकुम्बासीहरूको जग्गा नापी गरी दर्ता गर्ने । | पालिका | | | | | |
| | भूमिहिन तथा अव्यवस्थित बसोबासीलाई लालपूर्जा वितरण | पालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **व्यवस्थित बस्ती विकास** | भित्री बस्तीहरूमा ठाडा खोलाहरूको किनारबाट पहुँच मार्ग निर्माण गर्ने । | पालिका | | | | | |
| | मौजुदा बस्तीमा रहेका सरकारी प्रकृतिका जग्गा छुट्याई सार्वजनिक उपयोगमा ल्याउने | पालिका | | | | | |
| | जेखिम क्षेत्र डुबानमा रहेका वस्तीहरूको स्थानान्तरणका लागि सहयोग गर्ने | पालिका | | | | | |
| | बसोबास क्षेत्रमा उत्पादनमुलक (फलफुल) तथा सडक किनार र सार्वजनिक स्थलहरूमा सदावहार रुख विरुवा वृक्षरोपण गर्ने | पालिका | | | | | |
| | वनतर्फ आवाद् सम्बन्धी गतिविधिको संक्रमण फैलन नदिन बस्ती र वन क्षेत्रको सीमाना एकीन गर्ने | पालिका | | | | | |
| | सडक सीमा क्षेत्रभित्र पर्ने घरवस्तीको स्थानान्तरणको लागि सहयोग गर्ने | पालिका | | | | | |
| **व्यवस्थित बसोबासमा निजी क्षेत्र** | बसोबासका लागि जग्गा किन्दा व्यवस्थित घडेरी किनेर घर बनाउने प्रवृत्तिलाई प्रोत्साहित गर्ने । | पालिका | | | | | |
| | आवासीय क्षेत्रमा मापदण्ड बमोजिम आवास गृहहरू निर्माण गरी बिक्री गर्न निजी क्षेत्रलाई स्वीकृती दिने । | पालिका | | | | | |
| **खाद्य आत्मनिर्भरताका लागि उत्पादन** | कृषि क्षेत्रलाई उपयुक्तता अनुसार उपक्षेत्रमा वर्गीकरण गरी बाली पकेट क्षेत्रहरू विकास गर्ने । | पालिका | | | | | |
| | कृषि क्षेत्रको जग्गा खण्डीकरण निरुत्साहित र चक्लावन्दी प्रोत्साहित गर्ने नीति तर्जुमा र लागू गर्ने | पालिका | | | | | |
| | कृषि सडक, सिँचाई कुलो र जल सञ्चय पोखरीका लागि सहयोग गर्ने । | पालिका | | | | | |
| **उत्पादनमा सार्वजनिक निजी साझेदारी** | बाँझो र खेतीयोग्य सरकारी जमिन उत्पादनमुलक कृषि कार्यको लागि न्युन आय वर्गलाई प्राथमिकता दिई लिजमा दिने । | पालिका | | | | | |
| | कृषि उत्पादन सङ्कलन केन्द्रको लागि जमिन उपलब्ध गराई व्यवसाय सञ्चालन गर्न लिज | पालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | करारमा लिन चाहनेलाई प्रोत्साहित गर्ने । | | | | | | |
| | पशुपालन-बाख्रा, गाई भैंसी र कुखुरा आदि पालनमा निजी क्षेत्रलाई पोत्साहन गर्ने र अनुदान दिने । | पालिका | | | | | |
| **सार्वजनिक उपयोगका लागि जमिन व्यवस्थापन** | प्रत्येक वडामा किरीयापुत्री घर, सामुदायिक भवन, शवदाह स्थल, पशुवधशाला, सवारी साधन मर्मत केन्द्रका लागि स्थान निर्धारण गर्ने । | पालिका | | | | | |
| | प्रत्येक वडामा बजार क्षेत्र, स्थानीय उत्पादन सङ्कलन तथा बिक्री केन्द्र, हाट बजारस्थल, निर्धारण गर्ने । | पालिका | | | | | |
| | प्रत्येक वडामा बाल उद्यान, ज्येष्ठ नागरिक मनोरञ्जन स्थल, संग्राहलाय, नर्सरी, प्राणी उद्यान, योग ध्यान केन्द्रका लागि स्थान तोक्ने । | पालिका | | | | | |
| | स्थानीय तहमा बसपार्क, यात्रु विश्रामस्थल, पेट्रोलपम्प, विद्युतीय गाडी चार्जिङ स्टेशन, सार्वजनिक शौचालय, र सार्वजनिक धारा लागि स्थान तोक्ने | पालिका | | | | | |
| | पानीको स्रोत र सडकको पहुँच हेरी दमकल स्टेशनको लागि स्थान तोक्ने | पालिका | | | | | |
| **पुर्वाधार विकासको लागि जमिनको व्यवस्थापन** | स्थानीय तहमा फोहोरमैला ल्याण्डफिल्ड साईट, खुलाक्षेत्र, खेलमैदान, सभाहल, र भ्यु टावरको लागि उपयुक्त स्थान तोक्ने । | पालिका | | | | | |
| | विद्युत, सडक, ढल, र पानी जस्ता पूर्वाधार निर्माण गर्न सहज हुने स्थानमा औद्योगिक क्षेत्रको लागि जमिन छुट्याउने । | पालिका | | | | | |
| | आर्थिक पूर्वाधार बैकिङ्ग, बीमा, पुँजी बजार, गैर बैकिङ्ग वित्तीय क्षेत्र र सहकारी पालिका प्रवेश र स्थायित्वको लागि क्षेत्र निर्धारण गर्ने । | पालिका | | | | | |
| **पर्यटन प्रवर्धन** | स्थानीय पर्यटक नीति र कार्यविधि तर्जुमा गर्ने । | पालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पर्यटकीय क्षेत्रलाई प्रर्वधन गर्ने र होमस्टे सञ्चालन गर्ने । | पालिका | | | | | |
| **पर्यटनमा निजी क्षेत्र** | पदयात्रालाई सहज र आनन्ददायी बनाउन पर्यटकीय पदमार्गमा प्रतिक्षालय, विश्रामस्थल, सुविधायुक्त शौचालय, खानेपानीका धाराहरू, सञ्चार सुविधा, भ्यु टावर, सफा र उचित मुल्य रेष्टुरेण्ट, औषधी पसल सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | पालिका | | | | | |
| | पर्यटकको बसाई लम्बाउन गुणस्तरीय होटल, विद्युत, इन्टरनेट साँस्कृतिक कार्यक्रम, स्थानीय खेल, स्थानीय भेषभुषाको प्रयोग, स्थानीय परिकार, दृष्यावलोकन जस्ता गतिविधिको प्याकेज तर्जुमा प्रचार प्रसार र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । | पालिका | | | | | |
| **वतावरण संरक्षण** | जलवायु संकटापन्नता विश्लेषणका आधारमा जोखिम क्षेत्र पचिान र उपयुक्त योजना ( तटबन्ध, वृक्षारोपण, बस्ती स्थानान्तरण) तर्जुमा गर्ने । | पालिका | | | | | |
| | साविकका पानीका मुहानहरूको संरक्षण गर्ने | पालिका | | | | | |
| | खाली क्षेत्रको पहिचान गरी वृक्षारोपण गर्न वातावरण हराभरा बनाउने । | पालिका | | | | | |
| | रासायनिक मल एवं विषादीलाई प्रतिस्थापन गर्न प्राङ्गारिक मल एवं विषादी उत्पादन कृषक वा उद्योगलाई अनुदान दिने । | पालिका | | | | | |
| | नदी उकास र ठाडाखोलाका बस्तीमा विपद् न्युनिकरणको लागि कार्यक्रमहरू गर्ने । | पालिका | | | | | |
| | जलवायु अनुकुलका अभ्यास (जस्तै पानीमैत्री, खाद्यतत्व मैत्री, कार्वनमैत्री, बीउ, जातमैत्री) प्रर्वधन विस्तार गर्ने । | पालिका | | | | | |
| | ईन्धनको लागि जङ्गलमा निर्भर समुदायलाई सुधारिएको चुलो तथा गोवरग्याँस निर्माणमा अनुदान दिने । | पालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्युतको पहुँच भएका स्थानमा विद्युतीय चुलो खरिदमा अनुदान दिने । | पालिका | | | | | |
| | औद्योगिक क्षेत्रमा विद्युतीय यन्त्र उपकरणलाई प्रोत्साहन गर्ने र क्षेत्र वरपर वृक्षारोपण गर्ने । | पालिका | | | | | |
| भूमिको मापदण्ड तथा योजना सार्वजनिकीकरण तथा प्रचार प्रसार र भू उपयोग परिवर्तन । | कुनै विशेष कारणले भू -उपयोग क्षेत्र परिवर्तन गर्नु पर्ने भएमा प्रदेश भू- उपयोग परिषदमा लेखी पठाउने | पालिका | | | | | |
| | वर्गीकरण तथा योजनाको प्रचार प्रसार तथा चेतनामूलक कार्यक्रम संचालन | पालिका | | | | | |
| | भू-उपयोग योजनाको समिक्षा तथा पुनरावलोकन | पालिका | | | | | |

## २. कार्यान्वयन

यस योजनामा लक्षित गरिएका कार्यक्रमहरू स्थानीय तहले प्राथमिकता निर्धारण गरी आर्थिक क्षमताका आधारमा कार्यान्वयन गर्दै लैजाने छ। यसमा जिम्मेवार निकाय पालिका नै हुनेछ भने सहयोगी निकायको रुपमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय,राष्ट्रिय,अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरु, स्थानीय नागरिक लगायत सम्पूर्ण सरोकारवाला र अधिकारवालाहरुको भूमिका हुनेछ ।

## ३ सम्भावित जोखिमहरु

उल्लेखित कार्ययोजना कार्यान्वयनका क्रममा निम्नानुसार जोखिमहरु समेत हुन सक्छन ।

१. स्रोत साधनको अप्रयाप्तता ।
२. उत्प्रेरित तथा दक्ष जनशक्तिको कमी ।
३. भूमिको वर्गीकरणमा स्थानीयबासीहरुको विवाद ।
४. वर्गीकरणका राजनैतिक तथा सामाजिक रुपमा स्वार्थको द्वन्द्व ।
५. सहयोगी निकायहरुको पूर्ण सहयोग र समन्वयको कमी ।

## ४. अनुगमन तथा मूल्याङ्कन

यस योजनामा प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भए वा नभएको सुनिश्चित गर्न कार्य तालिका तयार गरि प्रगति प्रतिवेदनको माध्यमबाट नियमित अनुगमन र स्थलगतरूपमा भौतिक प्रगतिको अनुगमन गर्न कार्यान्वयनकै चरणमा कार्यस्थलमा नै पुगी सुधारात्मक उपायहरू अवलम्वन गर्न/गराउन

एक अनुगमन टोलीको प्रबन्ध गर्ने । अनुगमन टोलीले अनुगमनका क्रममा देखेका सुधार गर्नुपर्ने विषयहरू तत्कालै सुधार गर्न लगाउने छ भने निर्णय गर्नुपर्ने विषयमा संस्थागत निर्णय लिइनेछ ।

## ५ सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान
- पन्ध्रौ आवधिक योजना
- भगवतीमाई गाउँपालिकाको आवधिक योजना
- सहभागितामूलक भू-उपयोग योजना तर्जुमासम्बन्धी स्रोत सामग्री, २०६८
- भगवतीमाई गाउँपालिकाको पार्श्वचित्र
- भू-उपयोग ऐन, २०७६
- भू-उपयोग नियमावली २०७९
- भू-उपयोग नीति, २०७२
- नापी विभागद्धारा तयार गरिएको भगवतीमाई गाउँपालिकाका नक्सा एवं प्रतिवेदन
- स्थलगत फिल्ड अनुगमन